कोन्ज्योसोम गाउँपालिका
Konjyosom Rural Municipality
ཀོན་ཇོ་སོམ་གྲོང་པ་ལིཀ།
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
चौघरे,ललितपुर
Chaughare ,Lalitpur
बागमती प्रदेश, नेपाल।
Bagmati Province.Nepal.

पत्र संख्या /Ref.No:-२०८०/८१
चलानी नं./Dispatch No:-

**विषय :- गाडी भाडामा लिने सम्बन्धि सूचना ।**
**(प्रथम पटक प्रकाशित मितिः २०८१/०१/०४)**

प्रस्तुत विषयमा यस कोन्ज्योसोम गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,चौघरे,ललितपुरलाई कार्यालय प्रयोजनका लागि चालु.आ.व. २०८०/०८१ असार मसान्त सम्मका लागि गाउँपालिकाको कार्यालयले खटाएको स्थानमा संचालन हुन सक्ने चार पांग्रे सवारी साधन न्युनतम चालक सहित ७(सात) सिट क्षमता भएको जीप थान १(एक) कार्यालय प्रयोजनको लागि भाडामा लिनुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ७ दिनको कार्यालय समय भित्रमा यस कार्यालयको राजश्व शाखा वा सानिमा बैंकमा रहेको कार्यालयको खाता नं.०६६०१००४०००००१३( ग-१.१ आन्तरिक राजश्व खाता) मा दस्तुर रु. १,०००।- तिरेको रसिद सहित तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य सिलबन्दी प्रस्ताव खरिद गरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलः</u>

**कार्यालय प्रयोजनको लागि प्रयोग गरिने गाडी संख्याः-एक (१)**

क)गाडीको ब्लु बुक चालु आ.व.को नवीकरण सहितको प्रतिलिपि ।

ख)गाडी धनीको नागरिकताको प्रतिलिपि ।

ग)सवारी विमा सम्बन्धि कागजातको प्रतिलिपि ।

घ)सवारी धनीले चालक, मर्मत, ईन्धन सहित सवारी साधन उपलब्ध गराउनु पर्नेछ।

ङ)गाडी भाडा अवधि भर चालकको तलव भत्ताका साथै सवारी चालकको खाना र बासको व्यवस्था सवारी धनीले आफै गर्नुपर्ने छ ।

च)गाडी भाडा, इन्धन, सवारी चालक, मर्मत समेत प्रति महिना के कतिमा दिन चाहेको हो स्पष्ट अक्षर र अंकमा खुलाउनु पर्नेछ ।

छ) प्रति लिटर सवारी साधन कति कि.मि गुड्ने हो स्पष्ट खुलाउनु पर्नेछ ।

ज) सवारी साधनको मर्मत सम्भार र सर्भिसिंग सवारी धनि आफैले गर्नुपर्ने छ ।

झ) सवारी साधन विग्रेको खण्डमा वैकल्पिक सवारी साधनको व्यवस्था सवारी धनी आफैले गर्नुपर्नेछ

- दरखास्त बुझाउने अन्तिम मिति २०८१/०१/१० को कार्यालय समय भित्र दरखास्त खरिद गरी बुझाई सक्नु पर्नेछ ।
- गोप्य सिलबन्दी दरभाउ-पत्र ८ औं दिनको ठीक १:०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी र प्रतिनिधीको रोहबरमा खोलिनेछ ।
- अन्य कुराको हकमा, गाउँकार्यपालिकाको कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत